**मण्डनदेउपुर नगरपालिका**

**MANDANDEUPUR MUNICIPALITY**

**नगर कार्यपालिकाको कार्यालय**

**Office of the Municipal Executive**

महादेवस्थान

**Mahadevsthan**

काभ्रेपलाञ्चोक

Kavrepalanchok

बागमती प्रदेश, नेपाल

Bagamati Province, Nepal

**इन्द्रावती नदी, चाखोला आशीखोला र ढाँडखोला थारखोलाको रोडा,ढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्री शुल्क उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना ।**

(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०५/०९)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८२/८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट तथा ईन्द्रावती नदीको लागि स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण प्रतिवेदन/IEE प्रतिवेदन तथा चाखोला/आँशीखोला तथा ढाँडखोला/थारखोला नदीको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल संकलन तथा बिक्री शुल्कको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिम तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरण:**

| क्र. सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व.२०८२/०८३ का लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | बोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | 1/IR/ 2082/083 | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी क्षेत्रबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण प्रतिवेदन बमोजिमको ५ वटा क्षेत्रबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिका अन्तरगत इन्द्रावती नदी क्षेत्र भित्र उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारम साथ उपलव्ध सूची अनुसार) | ९,८५,३१,२३१.४० (नौ करोड पचासी लाख एकतीस हजार दुइ सय एकतीस रुपैयाँ चालीस पैसा मात्र) | १,२४,५६,५४० क्यू फिट | ५०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.७.०० (सात रुपैया) |
| २. | 2/IR/ 2082/083 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोलाबाट रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल IEE मा उल्लेखित १० वटा क्षेत्रहरुबाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोला क्षेत्र भित्र उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमसाथ उपलव्ध सूची अनुसार) | १८,१३,४६८.७५ (अठार लाख तेह हजार चार सय अठ्सठ्ठी रुपैयाँ पचहत्तर पैसा मात्र) | २,२९,२६२.८० क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.७.०० (सात रुपैया) |
| ३. | 3/IR/ 2082/083 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित ७ क्षेत्रहरु बाट संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट क्षेत्रबाट उत्पादन भइ बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमका साथ उपलव्ध सूची अनुसार) | २३,०४,५४६.८६ (तेइस लाख चार हजार पाँच सय छयालिस रुपैयाँ छयासी पैसा) | २,९१,३४६ क्यू फिट | ३०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.७.०० (सात रुपैंया) |

प्रमुख प्रशासकीय अधिकृत

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**ठेक्का सम्बन्धि शर्तहरु:**

१. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८२/०५/२३ गतेको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. E- Bidding को लागि बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८२/०५/२४ गतेको दिनको १२ वजे भित्र E-bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ।
ग्लोबल आइएमइ बैंक कुन्तावेशी शाखामा रहेको खाता ग.१.१ आन्तरिक राजश्व खाता मण्डनदेउपुर खाता नं **22004010000010, राजश्व शीर्षक नं. 14229** मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. बुँदा नं. १ र २ बमोजिम खरिद गरिएका बोलपत्र फारमहरु रितपूर्वक भरि मिति मिति २०८२/०५/२४ गते दिनको १२ बजे भित्र क्रमश कार्यालयमा र E-submission गर्नुपर्नेछ ।पेश भएका बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । E-submission मार्फत बोलपत्र पेश गर्दा बुँदा नं. २ मा उल्लेख भएका कागजात, बैंक जमानत, बोलपत्र दस्तुर, Bid Response document PDF Format मा पेश गर्नुपर्नेछ ।

४. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनेछ ।

५. धरौटी रकम: www.bolpatra.gov.np मा आ.व. २०८२/८३ का लागि कायम न्यूनतम अंकको ५% रकम तोकिएको भए तापनि बोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ बैंक, कुन्तावेशी शाखामा रहेको खाता ग.३ मण्डनदेउपुर धरौटी खाता नं. 22004010000008 खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रुपले बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ ।अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अकंको ३० (तिस) प्रतिशत रकम (मु. अ. कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकम (मु.अ.कर बापतको रकम समेतको) छुट्टा छुट्टै कार्यसम्पादन जमानत पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

८. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ ।संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलव्ध गराईनेछ ।

९. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEEको परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मूल्य असुल गर्नेछ।

१०. EIA/IEE मा उल्लेखित परिमाण र समयमा बाहेक नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्न यस नगरपालिकाबाट स्विकृती पाएको ठेकेदारले बाहेक अन्य व्यक्ती/फर्म/कम्पनी/संस्थाले नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन। अनधिकृत उत्खनन् तथा संकलन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

११. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ।

१२. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । साथै, ठेक्का रकमको मु.अ. कर बाहेक प्रचलित कानुन बमोजिम तिर्नुपर्ने अन्य सम्पूर्ण करहरु ठेकेदार स्वंयमले वुझाउनु पर्नेछ ।

१३. रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल बिक्री ठेक्कामा रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन। साथै, खोला/नदीमा पर्ने पुलको तल १००० मिटर तथा पुल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकीएको स्थानहरुबाट मात्र रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ ।

१४. वार्षिक परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१५. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१६. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंङ्गा, गिट्टि, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ ।

१७. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल  उत्खनन गर्न पाइने छैन ।

१८. प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ। साथै, प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन् गर्न बाधा पर्ने छैन ।

१९. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाइने छैन ।साथै ढुंङ्गा, गिट्टि, बालुवा, ग्राभेल ढुवानी गर्दा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।साथै बालुवा धुँदा निस्कीएको धमिलो पानी  सिधै नदीमा मिसाउन पाईने छैन ।

२०. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन। तर बोल कबोल गरेको वार्षिक ठेक्का रकम सम्झौता गदर्कै बखत एकमुष्ट रुपमा पुरै जम्मा गरेमा प्रचलित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णय बमोजिम छुट दिइनेछ।

२१. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

२२. यसमा उल्लेख नभएका अन्य कुराहरु बागमती प्रदेश सरकारबाट जारि गरिएको नदीजन्य पदार्थ (उत्खनन र उपयोग) कार्यविधि, २०७५ र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मण्डनदेउपुर नगरपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि, २०७५ र अन्य प्रचलित कानून बमोजिम हुनेछ। साथै सम्झौता गर्दाका बखत यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिनेछ ।

२३. नगरपालिकाको कार्यालयबाट प्रमाणित गरी जारी गर्न बाँकी रसिदहरु अनिवार्य रुपमा नगरपालिकामा फिर्ता गर्नुपर्नेछ।साथै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड (संशोधन सहित २०७९) को अनुसूची-४ (क) बमोजिम अभिलेख प्रमाणित गराई राख्नुपर्ने छ।

२४. ठेक्का अवधि २०८२ असोज १ गतेदेखि २०८३ असार मसान्तसम्म कायम रहनेछ ।

२५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ७औं दिन दिउसो १ बजे नगरपालिकाको कार्यालयमा हुनेछ ।उक्त दिन सार्वजनिक बिदा परेमा उक्त बैठक सोको भोलीपल्ट सोही समयमा हुनेछ ।

२६. अन्य विस्तृत जानकारीका लागी यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**